## अनुसूची - २
**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

# चौरजहारी नगरपालिका

## स्थानीय राजपत्र

| खण्ड : ८ | सङ्ख्या : ९ | मिति : २०८१/०८/२३ |
|---|---|---|

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८१/०८/२८**

## चौरजहार नगरपालिकाको सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना :** चौरजहारी नगरपालिका क्षेत्रभित्र कृषिजन्य उत्पादन र पशुपन्छीपालनको माध्यामबाट स्वरोजगार सृजना गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरी गरिवी निवारण गर्नुको साथै कृषि र पशुपालनको व्यवसायीकरण गर्न अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

चौरजहारी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३६ बमोजिम चौरजहारी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधिको नाम **'चौरजहारी नगरपालिकाको सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१'** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) 'अनुदान' भन्नाले चौरजहारी नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन,बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरणर औद्योगीकरण तथा भूमि व्यवस्था, सहकारी प्रवर्धन र गरिवी निवारणका लागि छनोट भएका अनुदानग्राहीलाई दिइने आर्थिक सहायता, कृषि सामग्री, उपकरण लगायतका वस्तुगत सहायता वा पूर्वाधार विकासका लागि उपलब्ध गराइने रकम सम्झनुपर्छ।

चौरजहारी नगरपालिका

(ख) 'अनुदानग्राही' भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषक सहकार्य समूह, कृषि कार्य गर्ने नीजि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, कृषि व्यवसायमा संलग्न व्यवसायी, दलित, विपन्न परिवार, वैदेशिक रोजगारबाट फर्किएका, कृषि तथा पशु सेवा प्राविधिक विषय अध्ययन गरेका, द्वन्द्व प्रभावित परिवारलाई सम्झनुपर्छ ।

(ग) 'कार्यक्रम' भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि विकास सम्बन्धी क्रियाकलाप (बाली/ पशुपंक्षी/ मत्स्य/ सहकारी विकास/ कृषि विकासका लागि भूमिसम्बन्धी कार्यक्रम/ सहकारी प्रवर्धन र गरिवी निवारणका कार्यक्रम सम्झनुपर्छ ।

(घ) 'कार्यालय' भन्नाले चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ङ) 'कृषि' भन्नाले बाली, बागबानी, पशुपंक्षी, मत्स्य आदि कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग एवम् व्यवसाय सम्झनुपर्छ ।

(च) 'कृषि सामग्री' भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नश्ल, मत्स्य बिज, सिमेन, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधी तथा विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, तरल नाइट्रोजन, पोषक तथा सुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनुपर्छ ।

(छ) 'सन्दर्भ मूल्य' भन्नाले कृषक आफैंले खरिद गरेका उत्पादन सामग्रीमा अनुदान उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाले निर्धारण गरेको मूल्य सम्झनुपर्छ ।

**३. पकेट सङ्ख्या र कार्यक्रम सञ्चालन अवधी :** (१) प्रत्येक वडाको भूबनोट र प्राविधिक उपयुक्तताको आधारमा वडा समितिले टोलगत रुपमा पकेट क्षेत्र तोक्न सक्नेछ ।

(२) कार्यक्रम सञ्चालन अवधि बढिमा एक आर्थिक वर्षसम्म सञ्चालन हुने भएता पनि कार्यक्रमको प्रभावकारीता देखिएमा आगामी आर्थिक वर्षमा निरन्तरता दिन सकिनेछ ।

**४. सञ्चालन गर्ने निकाय :** पकेट कार्यक्रम कृषि तर्फका कार्यक्रम कार्यान्वयन कृषि सेवा केन्द्र र पशु सेवा तर्फका कार्यक्रमको कार्यान्वयनमा सहजीकरण पशु सेवा केन्द्रले र कार्यक्रमको समन्वय आर्थिक विकास शाखाले गर्नेछ ।

**५. कार्यक्रम क्षेत्र निर्धारण र कार्यक्रम स्वीकृत गर्ने व्यवस्था:** (१) स्थानीय सम्भाव्यताको आधारमा बाली वस्तु विशेषको पकेट क्षेत्र सञ्चालन गर्न ईच्छुक लक्षित समुदाय / वर्गलाई समेटेर वडा समितिले **अनुसूची -२** बमोजिमका क्रियाकलाप सञ्चालन गर्ने गरी **अनुसूची-१** बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ ।

चौरजहारी नगरपालिका

(२) बाली / वस्तु विशेषको पकेट क्षेत्रको चार किल्ला निर्धारण गर्न, कार्यक्रम छनौट गर्न, लाभग्राही छनौट गर्न तथा कार्यक्रम दिगोपना र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी सम्वन्धित वडा समितिको हुनेछ।

६. **सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया**: (१) कार्यक्रमको लक्षित समुदाय / वर्ग छनौटका लागि वडा समितिले लाभग्राही छनौट गर्नुपूर्व **अनुसूची - ३** को ढाँचामा प्रस्ताव माग गर्नु पर्नेछ।

(२) उपदफा (१) सूचना प्रकाशन भएमा लाभग्राहीहरूले **अनुसूची- ४** बमोजिम आवेदन र **अनुसूची-५** बमोजिम प्रस्ताव सम्वन्धित वडा कार्यालयमा पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्तावउपर वडा समितिले देहायको आधारमा अनुदानग्राही लक्षित वर्ग छनौट गरी कार्यक्रम कार्यान्वयन तथा सम्झौताको लागि नगर कार्यपालिकाको कार्यालयमा निर्णयसहित सिफारिस गरि पठाउनुपर्नेछ। लाभग्राही छनौट गर्दा वडा समितिले विषय विज्ञबाट राय लिन सक्नेछ।

७. **लाभग्राहीहरू :** (१) कार्यक्रम कार्यान्वयन हुने टोलमा रहेका कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक / सहकार्य समूह, कृषि कार्य गर्ने नीजि फर्म र कम्पनी, कृषि सहकारी, कृषिसँग सम्बन्धित समिति, कृषि व्यवसायमा संलग्न व्यवसायी, दलित, विपन्न परिवार, वैदेशिक रोजगारबाट फर्किएका, कृषि तथा पशु सेवा प्राविधिक विषय अध्ययन गरेका, द्वन्द्व प्रभावित परिवारलाई लक्षित गरी लागत साझेदार गर्न सक्ने र **अनुसूची - ४** को ढाँचामा दिगोपनाको प्रतिवद्धता गरेका कृषकहरू हुनुपर्नेछ।

(२) विगतमा कुनै सरकारी तथा गैरसरकारी संस्थाबाट कुनै अनुदान प्राप्त नगरेको वा प्राप्त गरी अनुदान रकमको दुरुपयोग नगरेको हुनुपर्नेछ।

(३) वडा समितिले छनौट गरी सिफारिस गरेका कृषक मात्र लाभग्राही बन्ने छन्।

(४) लक्षित वर्गको हकमा लक्षित वर्ग खुल्ने कागजात पेस गरेको हुनुपर्नेछ।

८. **सञ्चालन गर्न सकिने क्रियाकलापहरू**: (१) सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमबाट गर्न सकिने क्रियाकलापहरू **अनुसूची-३** बमोजिम हुनेछन्।

९. **लागत साझेदारी गर्नुपर्ने**: (१) सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि लाभग्राहीहरूले भौतिक पूर्वाधार निर्माणमा कम्तिमा ३० प्रतिशत र अन्य क्रियाकलापमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राहीले लागत साझेदारी गर्दा दलित, महिला, अपाङ्ग, सहिद परिवार, घाइते व्यक्तिको हकमा कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ।

**१०. सम्झौता र अनुदान रकम भुक्तानी :** (१) वडा समितले लाभग्राही छनौट गरी सिफारिस गरेका लाभग्राहीहरूसँग लागत अनुमान तयार गरी नगर कार्यपालिकाको कार्यालयमा सम्झौता गर्नुपर्नेछ।

(२) सम्झौताको क्रममा अनुसूची-४ बमोजिमको प्रतिवद्धतासमेत पेस गर्नुपर्नेछ।

(३) सम्झौता पश्चात नगर कार्यपालिकाको कार्यालयले कार्यादेश दिनुपर्नेछ।

(४) सम्झौता बमोजिमको कार्य सम्पन्न भए नभएको अनुगमन समितिले नियमित अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेछ।

(५) बजेट कार्यसम्पन्न भएपश्चात भुक्तानीको लागि वडा कार्यालयर नगरस्तरीय अनुगमन समितिले भुक्तानी गर्न मनासिव भए/ नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेस गर्नुपर्नेछ।

**८. बीमा गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बाली तथा पशुपन्छी बीमा गर्नुपर्नेछ।

(२) व्यवसायिक रूपमा सञ्चालन हुने बाली, पशुधन र मत्स्य साथै फर्म / भौतिक पूर्वाधारको समेत बीमा गर्नुपर्नेछ।

(३) बीमालेख नभएका कृषि व्यवसाय तथा पूर्वाधारमा बीमा गर्न अनिवार्य हुने छैन। तर त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनुपर्नेछ।

**९. सार्वजनिक सुनाइ र विवरण प्रकाशन गर्नुपर्ने :**(१) कार्यक्रमको पारदर्शिताको लागि अनुदानग्राहीले सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।

(२) सञ्चालन भएको कार्यक्रमको बारेमा अनुदानग्राहीले जानकारीमूलक होडिङबोर्ड राख्नुपर्नेछ।

**१०. असुल उपर र कारबाही :** (१) यस कार्यविधिबमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा देहायबमोजिमको सजाय गर्न सकिनेछ।

(क) सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने।

(ख) नगर कार्यपालिका तथा मातहतका कार्यालयबाट प्रदान गरिने अनुदानका कार्यक्रममा समावेश नगर्ने।

(ग) वडा कार्यालयबाट कुनैपनि सिफारिस उपलब्ध नगराउने।

(घ) सम्बन्धित अनुदानग्राहीलाई कालो सूचीमा राख्ने र सोको जानकारी सम्बन्धित अन्य कार्यालयमा पठाउने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस) पेस गरेको अवस्थामा मनासिव लागेमा मिनाह गर्न सकिनेछ।

**११. दोहोरो सुविधा लिन नपाउने :**(१) अनुदानग्राहीले एउटै कामको लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भइ लागत इस्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन। अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिइनेछ।

**१२. सम्झौता बमोजिम हुने :**(१) चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको पूर्व स्वीकृत बगेर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तिमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ।

**१३. पुरस्कृत गर्न सकिने :** (१) उत्कृष्ठ कार्य सम्पादन गर्ने अनुदानग्राही र वडा कार्यालयलाई वार्षिक रुपमा पुरस्कृत गर्न सकिनेछ।

(२) सम्झौतामा तोकिएको समयभन्दा अगाडि निर्धारित मापदण्ड तथा गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ।

**१४. व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्ने :** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै विषयको व्याख्या तथा बाधा अड्काउ परेमा कार्यविधिको उद्देश्य विपरीत नहुने गरी नगर कार्यपालिकाको कार्यालयले व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्नेछ।

चौरजहारी नगरपालिका

**अनुसूची-१**

**(दफा ५ को उपदफा (क) सँग सम्बन्धित)**

चौरजहारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

….. वडा कार्यालयरुकुम (पश्चिम)

सहलगानीमा कृषि व्यवसाय प्रवर्धन कार्यक्रम कार्यान्वनका लागि कार्यक्रमको प्रस्तावना

| क्र. सं. | कार्यक्रम | क्रियाकलाप | लागत अनुमान | अनुदानग्राहीले व्यहोर्नुपर्ने लागत | वार्षिक अनुमानित आम्दानी | लाभान्वित घरधुरी | प्रत्यक्ष रोजगारी | अप्रत्यक्ष रोजगारी | कार्यान्वयन योजना |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

वडा सचिवको दस्तखतः

वडाअध्यक्षको दस्तखतः

चौरजहारी नगरपालिका

**अनुसूची २**
**(दफा ५ को उपदफा (क) सँग सम्बन्धित)**

पकेट कार्यक्रममा सञ्चालन हुने क्रियाकलापहरूको सूची र सञ्चालन विधि

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू |
|---|---|---|---|
| १ | क्षमता विकास कार्यक्रम | | |
| | स्थलगत तालिम | उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | • सहभागी छनौट<br>• प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>• तालिम सञ्चालन |
| ख | प्रसार तथा बाह्य सेवा | | |
| | बीउ/ बेर्ना/ मौरी/ माछा भुरा/ पशु नश्ल एवं जैविक विषादी खरिदमा अनुदान | प्रविधि विस्तार गर्ने | • कृषक छनौट<br>• स्रोत केन्द्रको पहिचान<br>• खरिद व्यवस्थापन<br>• वितरण<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| ग | पशु उत्पादनमा सहयोग | | |
| | गोठ/ खोर निर्माण/ सुधार | असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने | • कृषक छनौट<br>• आधुनिक प्रविधि अवलम्वन गरी नयाँ गोठ निर्माण तथा सुधार<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | पशु नश्ल सुधार | नश्ल सुधार गर्ने | • कृषक छनौट<br>• स्रोत केन्द्रको पहिचान<br>• उन्नत जातको पशु नश्ल (राँगा/ साँढे/ बोका/ वीर/ पाठापाठी/ पाडी र बाच्छी) खरिद तथा वितरण<br>• गर्भ परिक्षण<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | पशु आहारा व्यवस्थापन | गुणस्तरीय पशु आहाराको सहज आपुर्तिमा सहयोग | • कृषक छनौट |

छौरजहारी नगरपालिका

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू |
|---|---|---|---|
| | | | • स्रोत केन्द्रको पहिचान<br>• उन्नत जातको भुई तथा डाले घाँसको बीउ/ बेर्ना/ सेट्सहरु<br>• साईलेज/TMR/UMMB लगायत पशु आहारा प्रविधि/ सामुदायिक घाँस खेति<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | पशु स्वास्थ्य(खोप/ परजीवी नियन्त्रण/ उपचार) | पशुमा लाग्ने रोगहरूको जोखिम न्यूनीकरण गर्ने | • कृषक छनौट<br>• प्राविधिक कर्मचारीको व्यवस्थापन<br>• पशु स्वास्थ्य शिविर सञ्चालन<br>• खोप तथा औषधी खरिद, खोप कार्यक्रम सञ्चालन तथा परजीवी नियन्त्रणका लागि औषधी वितरण<br>• फर्ममा जैविक सुरक्षा व्यवस्थापन<br>• विरामी पशुको उपचार<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | मत्स्य उत्पादन सहयोग कार्यक्रम | | |
| | मत्स्य पोखरी निर्माण | मत्स्यपालनको क्षेत्र विस्तार गर्ने | • स्थान तथा कृषक छनौट<br>• डिजाइन तथा लागत अनुमान तयारी<br>• पोखरी निर्माण<br>• माछापोखरीको पानीको गुणस्तर परीक्षण<br>• माछापालन<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | अन्य कार्यक्रमहरू | | |
| | साना कृषि तथा पशुपालनमा प्रयोग हुने औजार उपकरण | • कृषकको कार्यबोझ घटाउने<br>• लागत न्यूनिकरण गर्ने | • कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>• खरिद व्यवस्थापन<br>• वितरण |

चौरजहारी नगरपालिका

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू |
|---|---|---|---|
| | साना सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो/ थोपा सिंचाइ/ पोखरी) | • सिंचित क्षेत्र विस्तार | • स्थान छनौट<br>• योजना पहिचान<br>• डिजाइन तथा लागत अनुमान तयारी<br>• सम्झौता<br>• निर्माण<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | माटो व्यवस्थापन | • माटोको गुणस्तर सुधार | • माटो नमूना सङ्कलन<br>• माटो परीक्षण/ शिविर<br>• माटो उपचार |
| | बाली संरक्षण सेवा | • रोग कीराको पहिचान तथा व्यवस्थापन | • नमुना सङ्कलन<br>• बाली उपचार शिविर सञ्चालन<br>• परीक्षण एवं आवश्यक सल्लाह सुझाव |
| | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरू | • बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | • बाँझो जमिनको पहिचान तथा अभिलेखिकरण<br>• खेती गर्ने कृषक, समूह, सहकारी पहिचान र छनौट<br>• मल,बीउ, सिंचाइ र औजार उपकरण सहयोग<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | जैविक मल उत्पादन कार्यक्रम | • रासायनिक मल आयात प्रतिस्थापन गर्ने।<br>• कर्णाली प्रदेशको अर्गानिक उत्पादनमा टेवा पुर्याउने। | • भौतिक संरचना निर्माणमा सहयोग<br>• आवश्यक कच्चा पदार्थमा सहयोग<br>• जैविक मल प्रयोग गर्ने कृषकलाई प्रोत्साहन<br>• बजारीकरणमा सहयोग |
| | जैविक विषादी उत्पादन कार्यक्रम | • रासयनिक विषादीको आयात प्रतिस्थापन गर्ने।<br>• कर्णाली प्रदेशको अर्गानिक उत्पादनमा | • भौतिक संरचना निर्माणमा सहयोग<br>• आवश्यक कच्चा पदार्थमा सहयोग<br>• जैविक विषादी प्रयोग गर्ने कृषकलाई प्रोत्साहन |

चौरजहारी नगरपालिका

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू |
|---|---|---|---|
| | | टेवा पुर्याउने । | • बजारीकरणमा सहयोग |
| | कृषि उपज सङ्कलन केन्द्र/ हाटबजार/ खसीबोका सङ्कलन केन्द्र स्थापना तथा सञ्चालन | • स्थानीय उत्पादनको बजारीकरण सुनिश्चितता गर्ने ।<br>• | • भौतिक संरचना निर्माणमा सहयोग<br>• सम्बन्धित स्थानमा बिक्रि गर्ने उद्यमीलाई प्रोत्साहन<br>• बजारीकरणमा सहयोग<br>• ढुवानीमा सहयोग |

चौरजहारी नगरपालिका

## अनुसूची ३
## (दफा ६ को उपदफा १ सँग सम्बन्धित)

......... वडा कार्यालय

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना !

(प्रकाशन मितिः ....................)

चौरजहारी नगरपालिकाको आर्थिक वर्ष ................ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम र चौरजहारी नगर कार्यपालिकाको मिति ................. गतेको बैठकको निर्णयअनुसार सहलगानीममा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक कृषक सहकार्य समूह/ कृषक समूह/ व्यवसायीक फर्म/ कृषि उद्यमीलाई सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालयसमयमा कार्ययोजना सहित वडा कार्यालयमा प्रस्ताव पेस गर्नुहुन अनुरोध छ ।

**<u>तपसिल</u>**

१. कार्यक्रम माग गरेको निवेदन
२. नागरिकताको प्रतिलिपि
३. चालु आर्थिक वर्षको तिरो तिरेको रसिदको प्रतिलिपि
४. समूह/ फर्मको हकमा दर्ता, नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
५. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. अनुसूची- बमोजिमको कार्ययोजना

चौरजहारी नगरपालिका

**अनुसूची ४**
**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

मिति :

**विषय : अनुदान उपलब्ध गराइदिनु हुन ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम)

उपर्युक्त विषयमा चौरजहारी नगरपालिका वडा नं ...... कार्यालयबाट मिति .......... मा प्रकाशित सूचनाअनुसार सहलगानीमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा म / हामी ......................... समूह / सहकारी / कृषि फर्म / कृषि कम्पनी समावेश हुन इच्छुक छु / छौं । उक्त कार्यक्रम सञ्चालनको लागि अनुसूची- ५ को ढाँचामा प्रस्तावना तयार गरी यसै निवेदन साथ आवश्यक कागजातसहित संलग्न गरी पेस गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

अनुदानग्राहीको नाम :
ठेगाना :
कार्यक्रमको नाम :
कार्यक्रमको उद्देश्य :
अनुदान रकम आवश्यक पर्नुको कारण :
कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागत :
कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :
कार्यक्रम सञ्चालन गर्ने कार्य योजना :
कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या :

निवेदक
कृषक समूह / कृषि सहकारी संस्था / कृषि फार्म / उद्यमी कृषक
नामथर :
पद:
सम्पर्क नं. :
मिति :
संस्थाको छाप

चौरजहारी नगरपालिका

**अनुसूची ५**

**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

अनुदान कार्यक्रमको लागि प्रस्ताव फाराम

(क) व्यक्तिगत/कृषि फर्मको प्रयोजनको लागि

१. कृषक/उद्यमीको नाम, थरः .................................... नागरिकता प्र.प.नं : .............................. जारी जिल्लाः ............................................. जारी मितिः .....................................

२. स्थायी ठेगाना :

जिल्लाः ................................ गा.पा./न.पा................................वडा नं.: ............. टोलः.....................................

३. सम्पर्कः क) मोवाइल नं.: ..................................... फोन नं.: ................................

४. प्राप्त गर्न चाहने कृषि उत्पादन सामाग्रीहरुको विवरणः

| सि.न. | कृषि सामाग्रीको नाम | मोडेल/ साइज/ नाम | परिमाण | दररेट (रु) | जम्मा रकम रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. संस्थाले गर्न चाहेको कृयाकलापहरुको विवरणः

| सि.न. | क्रियाकलापको विवरण | संस्थाको लक्ष्य | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दररेट रु) | जम्मा रकम (रु) | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कृषि फर्म/संस्थाको नामः ................................................... ठेगानाः...........................

यस कृषि फर्मलाई माथी उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायिक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

निवेदकको नाम, थरः .........................................

सहिः मितिः

सम्पर्क नं :

छाप :

ख) संस्थागत/समुह/सहकारीको प्रयोजनको लागि

१. अध्यक्षको नाम, थरः ................................................ नागरिकता प्र.प.नं: ................... जारी जिल्लाः ............................................. जारी मितिः .....................................

२. स्थायी ठेगाना :

जिल्लाः ................................ गा.पा./न.पा................................वडा नं.: ............. टोलः....................................

३. संस्थाको नामः....................................................... ठेगानाः ...............................

४. सम्पर्कः क) मोवाइल नं.: ..................................... फोन नं.: ............................... ५. सदस्य संख्याः क) महिला .................. ख) पुरुष................... ग) जम्मा ....................

६. जात क) आदिवासी जनजातीः........... ख) दलितः.......... ग) अन्यः.......... जम्माः..........

७. प्राप्त गर्न चाहने कृषि उत्पादन सामाग्रीहरुको विवरणः

| सि.न. | कृषि सामाग्रीको नाम | मोडेल/ साइज/ नाम | परिमाण | दररेट (रु) | जम्मा रकम रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. संस्थाले गर्न चाहेको कृयाकलापहरुको विवरणः

| सि.न. | क्रियाकलापको विवरण | संस्थाको लक्ष्य | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दररेट रु) | जम्मा रकम (रु) | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

हामीलाई माथी उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायिक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । निवेदकको नाम, थरः ..........................................

सहिः

मितिः

सम्पर्क नं :

छाप :

**अनुसूची ७**

**(दफा ६ को उपदफा ३ (क) सँग सम्बन्धित)**

**प्रतिवद्धता पत्र**

चौरजहारी नगर कार्यपालिकाको कार्यालय रुकुम पश्चिमको मिति .............................. सूचना अनुसार ........................................ कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यावसायिक योजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु / छौं । व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा ........(.....) वर्ष अगावै सो व्यवसाय बन्द गरेमा नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित कानून बमोजिम ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/ छौं । अन्यथा प्रचलित कानून बमोजिम सहुला / बुझाउला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

आवेदकको तर्फबाट

नाम:

पद:

सम्पर्क नम्बर:

दस्तखतः

मिति:

संस्थाको नामः

ठेगाना:

संस्थाको छाप

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

चौरजहारी नगरपालिका

**आज्ञाले,**

**शेरप्रसाद ढकाल**

**नि.प्रमुख प्रशासकीय अधिकृत**